# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०५।०३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

सशस्त्र प्रहरी बल प्रधान कार्यालय बिरूद्ध टेण्डर छली पटक पटक गरी सिधै विभिन्न सामान खरिद गरी अनियमितता गरेको भन्ने उजुरी छानविनको क्रममा मागेका र पठाउन तयार पारी पोका बनाई स्टोरमा राखेका लेखाका सक्कल स्रेस्ता कागजातहरु समेतमा मिति २०७४।०९।०४ गते विहान सोही कार्यालयका सशस्त्र प्रहरी हवल्दार रामकृष्ण श्रेष्ठले आगो लगाएको भन्ने बिषयमा मिलेमतोमा हेडक्वाटरमा आगलागी शिर्षकमा नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा मिति २०७४।०९।२० मा प्रकाशित समाचारलाई उजुरीको रूपमा दर्ता गरी अनुसन्धान हुँदा अनुसन्धानको क्रममा संकलित तथ्य र कागजातहरुबाट निज रामकृष्ण श्रेष्ठले भ्रष्टाचार निवारण ऐन,२०५९ अनुसार आयोगले विस्तृत अनुसन्धान गरी मागी रहेका र तयार गरी पोका पारेर स्टोरमा राखेको सशस्त्र प्रहरी बल प्रधान कार्यालयका सरकारी सक्कल स्रेस्ता कागजातहरुलाई लक्षित गरी आगो लगाई नष्ट गरेको स-प्रमाण पुष्टी हुन आएको हुदाँ निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १२ मा उल्लिखित कसुर अपराध हुदाँ निजलाई सोही ऐनको ऐ.दफा १२ बमोजिम हदै सम्म सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता